जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक ५३ • २०८३ साल आषाढ २८ गते आइतबार (12 July, Sunday, 2026) •पृष्ठ ४ •मूल्य रु. ५।-


## वीरगञ्जमा ३ सय घर भत्कायो

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको वीरगञ्ज महानगरपालिकाको मुख्य सडक क्षेत्रमा सडक विस्तारको क्रममा एक सातामा करिब ३ सय घर भत्काइएको छ ।

सडक डिभिजन हेटौंडाका इञ्जिनियर तथा वीरगञ्जका लागि तोकिएका फोकल पर्सन दुर्गा प्रसादले जनाए अनुसार गण्डकदेखि घण्टाघरसम्म र मितेरी पुलदेखि वीरगन्ज उद्योग वाणिज्य संघको भवनसम्म गरेर यति परिमाणमा भवन भत्काइएको छ ।

फोकल पर्सन प्रसादले हाल परिचालित ६ वटा डोजरले दैनिक ५० देखि ६० वटासम्म घर भत्काइरहको बताए । कुल ८ किलोमिटर सडक क्षेत्रमा घर भत्काउनु पर्नेमा करिब ६ किलोमिटर क्षेत्रको घर भत्काएर हटाइसकिएको उनको भनाइ छ ।

उनले बाँकी रहेको २ किलोमिटर सडक क्षेत्रमा सडक भत्काउने काम पनि क्रमशः जारी रहने बताए । भत्काउन बाँकी रहेको बजार क्षेत्रका केही घरधनीले आफ्नो भवनको संरचना आफै हटाइरहेकाले यस क्षेत्रमा काम गर्न त्यति कठिनाइ नहुने उनले बताए ।

## मानसिक स्वास्थ्य र राज्यको भूमिकामाथि उठ्यो प्रश्न

# तीन दिनमा तीनजनाद्वारा आत्मदाह प्रयास, दुईको मृत्यु, एकको अवस्था गम्भीर

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपालमा पछिल्ला केही दिनयता आत्मदाह प्रयासका घटना लगातार सार्वजनिक भएपछि यसले समाज, राज्यका निकाय र मानसिक स्वास्थ्यसंग सम्बन्धित प्रश्नलाई फेरि एकपटक गम्भीर रूपमा उठाएको छ ।

पछिल्लो तीन दिनभित्र काठमाण्डु र सर्लाहीमा भएका तीन छुट्टाछुट्टै घटनामध्ये दुई जनाको उपचारका क्रममा मृत्यु भएको छ भने एक जनाको अवस्था अझै गम्भीर रहेको प्रहरीले जनाएको छ । घटनाहरूको कारणबारे अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

शुक्रबार सर्लाहीको गोडैता नगरपालिका-१० का ४२ वर्षीय विवेक मण्डलले आफ्नै शरीरमा पेट्रोल छर्केर आगो लगाएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ । सर्लाही प्रहरीका अनुसार आगोले उनको शरीरको अधिकांश भाग जलेको छ । प्रारम्भिक उपचार मलंगवा अस्पतालमा गरिएपछि थप उपचारका लागि हेलिकप्टरमार्फत काठमाण्डु लगिएको छ । घटनाको कारणबारे प्रहरीले अनुसन्धान गरिरहेको जनाएको छ ।

शुक्रबार नै काठमाण्डुको बुद्धनगरमा ४५ वर्षीय अश्विन राउतको पनि उपचारका क्रममा वीर अस्पतालमा निधन भएको छ । काठमाण्डु प्रहरीका अनुसार राउतले बिहान आफ्नै घरको भान्सामा शरीरमा आगो लगाएका थिए । गम्भीर अवस्थामा अस्पताल पुऱ्याइएका राउतको शरीर करिब ५५ प्रतिशत जलेको उपचारमा संलग्न चिकित्सकले बताएका छन् । प्रारम्भिक अनुसन्धानमा पारिवारिक




विवाद घटनाको एउटा सम्भावित कारणका रूपमा देखिएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी परिसर काठमाण्डुका अनुसार घटनाका बेला परिवारका अन्य सदस्य घरमा थिएनन् र अघिल्लो दिन छोराबीच सामान्य विवाद भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।

यसअघि बिहीबार काठमाण्डुमा मुगुका गणेश नेपालीले पनि आफ्नै शरीरमा पेट्रोल छर्केर आगो लगाएका थिए । उपचारका क्रममा शुक्रबार वीर अस्पतालमा उनको मृत्यु भयो । घटना अघि काठमाण्डु नगर प्रहरीसंग विवाद भएको विषय सार्वजनिक भएको भए पनि त्यसले घटनामा कति भूमिका खेल्यो भन्ने विषय अनुसन्धानकै क्रममा रहेको जनाएको छ ।

लगातार भएका आत्महत्या प्रयाससहितको घटनाले व्यक्तिगत, पारिवारिक, सामाजिक, आर्थिक, तथा मनोसामाजिक पक्षहरूको समग्र समीक्षा आवश्यक रहेको देखिन्छ । आत्महत्या वा आत्मदाह प्रयास जस्ता घटनाको एउटै कारण हुँदैन । मानसिक स्वास्थ्यका समस्या, पारिवारिक तनाव, आर्थिक कठिनाइ, सामाजिक अपमानको अनुभूति, कानुनी वा प्रशासनिक प्रक्रियाबाट उत्पन्न दबाब तथा अन्य व्यक्तिगत परिस्थितिहरूले संयुक्त रूपमा प्रभाव पार्न सक्छन् । त्यसैले कुनै एक घटना वा केही घटनाका आधारमा कुनै एकमात्र कारणलाई जिम्मेवार ठहर गर्नु तथ्यगत रूपमा उचित हुँदैन ।

यद्यपि, नागरिकहरूले राज्यका सेवा, प्रशासनिक व्यवहार, रोजगारी, व्यवसाय सञ्चालन, सामाजिक सुरक्षा र न्यायको अनुभूतिसंग सम्बन्धित विभिन्न गुनासा निरन्तर उठाउँदै आएका छन् । सार्वजनिक निकायसंगको व्यवहार, आर्थिक दबाब, बढ्दो जीवनयापनको लागत तथा स्वरोजगारमा संलग्न साना व्यवसायीहरूले भोग्ने चुनौतीबारे पनि बेलाबखत बहस हुँदै आएको छ । यस्ता विषयमा सम्बन्धित निकायले संवेदनशील भएर नागरिकको विश्वास बढाउने, सेवा प्रवाहलाई सहज बनाउने तथा मनोसामाजिक सहयोगको पहुँच विस्तार गर्ने आवश्यकता विज्ञहरूले औंल्याउँदै आएका छन् ।

पछिल्ला घटनाले मानसिक स्वास्थ्य सेवाको पहुँच विस्तार, संकटमा रहेका व्यक्तिलाई समयमै परामर्श र सहयोग उपलब्ध गराउने व्यवस्था तथा परिवार र समुदायको सहयोगी भूमिकालाई अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता पनि देखाएको मानवअधिकारकर्मी वीरेन्द्र कर्णले बताए । यसका साथै प्रत्येक घटनाको निष्पक्ष अनुसन्धान गरी वास्तविक कारण सार्वजनिक गर्नु, अफवाह वा अपुष्ट दाबीभन्दा तथ्यमा आधारित निष्कर्ष प्रस्तुत गर्नु राज्यका निकायको जिम्मेवारी रहेको उनको भनाइ छ ।

यस्ता दुःखद घटनाबाट भविष्यमा थप क्षति हुन नदिन सरकार, समाज, परिवार र सम्बन्धित सबै पक्षले समन्वयात्मक रूपमा रोकथाम, सचेतना र सहयोगका उपायहरू सुदृढ बनाउनु आवश्यक देखिएको मानवअधिकारकर्मी कर्ण बताउँछन् ।

## सरकारविरुद्ध प्रदर्शन जारी

**टुडे समाचारदाता**

जनकपुरधाम । गणेश नेपालीलाई आत्महाद गर्न बाध्य बनाएको भन्दै बालेन्द्र साह नेतृत्वको सरकारविरुद्ध युवाहरूले प्रदर्शन गरेका छन् । जनपक्षीय ट्रेड युनियन महासंघले माइतीघरमा विरोध प्रदर्शन गरेको छ ।

२०७८ सालमा प्रेम आचार्यलाई आत्मदाह गर्न बाध्य पार्ने श्री ३ ( देउवा, ओली र प्रचण्ड) र शनिबार गणेश नेपालीको आत्मदाहको परिस्थिति सृजना गर्ने श्री ३ (बालेन, रवि, स्वर्णिम) सरकार भन्दै युवाहरूले विरोध प्रदर्शन गरेका छन् ।

युवालाई श्री ३ (बालेन, रवि, स्वर्णिम) सरकारले आत्मदाह गर्न बाध्य बनाएको आरोप लगाएका छन् । उनले युवाहरूलाई आत्मदाह गर्न बाध्य पार्ने नभइ रोजगारी दिन माग गरेका छन् ।

# ट्रम्पको चेतावनी : 'मेरो हत्या गर्ने प्रयास भए इरानमाथि हजारौं मिसाइल प्रहार हुनेछ'

**एजेन्सी**

जनकपुरधाम । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफूमाथि हत्या प्रयास भए इरानविरुद्ध व्यापक सैन्य कारबाही गरिने चेतावनी दिएका छन् । उनले आफ्नो सामाजिक सञ्जाल ट्रुथ सोशलमा लेख्दै इरानतर्फ लक्षित एक हजार मिसाइल तयारी अवस्थामा रहेको दाबी गरेका छन् ।

ट्रम्पले लेखेका छन्, '१,००० मिसाइल लक एन्ड लोड अवस्थामा इरानतर्फ लक्षित छन्। यदि इरानी सरकारले विश्वका विभिन्न स्थानमा गरिएको दाबीअनुसार मेरो हत्या गर्ने प्रयास गऱ्यो भने तुरुन्तै थप हजारौं मिसाइल प्रहार गरिनेछ। आदेश दिइसकिएको छ र अमेरिकी सेना इरानका सबै क्षेत्रमा आक्रमण गर्न पूर्ण रूपमा तयार, इच्छुक र सक्षम छ ।'

यसअघि इरानका सर्वोच्च नेता अली खामेनीको अन्त्येष्टिमा सहभागी केही प्रदर्शनकारीहरूले ट्रम्प र इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहूविरुद्ध नाराबाजी गरेका थिए ।

बुधबार टर्कीको अंकारामा आयोजित नेटो शिखर सम्मेलनका क्रममा पत्रकारहरूसँग कुरा गर्दै ट्रम्पले आफू इरानको "हत्या सूची" को पहिलो नम्बरमा रहेको दाबी गरेका थिए ।

उनले भने, 'म इरानको हत्या सूचीमा नम्बर १ मा छु । आज बिहान पनि मैले त्यही देखैं। अहिलेसम्म म भाग्यमानी भएको हुन सक्छु, तर यो अवस्था धेरै समयसम्म रहला जस्तो लाग्दैन ।'

यसैबीच अमेरिकी सञ्चारमाध्यमहरूले पनि इरानले ट्रम्पविरुद्ध हत्या षड्यन्त्र रचेको दाबीलाई प्राथमिकताका साथ प्रकाशन गरेका छन् ।

द वाल स्ट्रिट जर्नलले बिहीबार प्रकाशित समाचारमा इजरायली गुप्तचर निकायले ट्रम्पलाई सम्भावित खतराबारे जानकारी गराएको उल्लेख गरेको छ। समाचारमा यस विषयमा जानकार स्रोतहरूलाई उद्धृत गर्दै भनिएको छ कि इजरायली अधिकारीहरूले अमेरिकी पक्षलाई राष्ट्रपतिविरुद्धको नयाँ खतराबारे सचेत गराएका थिए । उनीहरूको मूल्यांकनमा यस्तो घटनाले इरान-अमेरिका तनावलाई थप चर्काउन सक्छ ।

सीएनएनले पनि दुई स्रोतलाई उद्धृत गर्दै इजरायलले ट्रम्पलाई सम्भावित हत्या जोखिमबारे जानकारी दिएको जनाएको छ। सीएनएनसँग कुरा गरेका एक अमेरिकी अधिकारीका अनुसार उक्त गुप्तचर सूचना ट्रम्पको निर्णय प्रक्रियालाई प्रभावित पार्ने प्रयास पनि हुन सक्छ, किनभने उनी इरानविरुद्ध अमेरिकी सैन्य कारबाही थप विस्तार गर्ने वा नगर्ने विषयमा विचार गरिरहेका छन् ।

**ट्रम्प-नेतन्याहू सम्बन्धमा तनाव**

केही समयअघि युद्धविरामसम्बन्धी अन्तरिम समझदारीको विषयलाई लिएर ट्रम्प र इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूबीच मतभेद देखिएको थियो । अमेरिकी सञ्चारमाध्यमका अनुसार दुवै नेताबीच भएको एक टेलिफोन संवाद तनावपूर्ण बनेको थियो । त्यस क्रममा लेबनानमाथिको आक्रमणलाई लिएर ट्रम्पले नेतन्याहूको आलोचना गरेका थिए ।

**इरान-अमेरिका तनाव फेरि बढ्दै**

१७ जुनमा भएको अन्तरिम युद्धविराम सम्झौतापछि केही समय शान्त रहेको इरान-अमेरिका सम्बन्ध पछिल्लो एक सातादेखि पुनः तनावपूर्ण बनेको छ । दुवै पक्षबीच आक्रमण र प्रत्याक्रमण जारी रहेकाले युद्धविराम संकटमा परेको बताइएको छ ।

ट्रम्पले युद्धविराम प्रभावहीन भइसकेको दाबी गरेका छन् । यद्यपि, इरानले वार्ताप्रति रुचि देखाएकाले नयाँ चरणको कूटनीतिक छलफल हुन सक्ने संकेत पनि दिएका छन् ।

यसैबीच अमेरिकी अधिकारीहरूले इरानसँग हर्मुज जलडमरूमध्य अन्तर्राष्ट्रिय जहाज आवागमनका लागि खुला राख्न र त्यहाँबाट गुड्ने जहाजमाथि आक्रमण नगर्ने सार्वजनिक प्रतिबद्धता जनाउन आग्रह गरेका छन् ।



इरानले भने हर्मुज हुँदै आवतजावत गर्ने जहाजबाट शुल्क उठाउने अधिकार आफूलाई हुनुपर्ने र त्यस क्षेत्रको सुरक्षा तथा व्यवस्थापन इस्लामिक रिभोलुसनरी गार्ड्स कोर्प्स (आईआरजीसी) ले गर्नुपर्ने अडान दोहोऱ्याउँदै आएको छ ।

युद्धअघि हर्मुज जलडमरूमध्यबाट विश्वको २० प्रतिशतभन्दा बढी कच्चा तेल तथा ठूलो परिमाणमा प्राकृतिक ग्यास निर्यात हुने गरेको थियो । त्यस क्षेत्रमा उत्पन्न अवरोधले अन्तर्राष्ट्रिय ऊर्जा आपूर्तिमा असर परेको छ ।

**ट्रम्पमाथिका हत्या प्रयास**

डोनाल्ड ट्रम्पमाथि विगत केही वर्षमा विभिन्न प्रकारका सुरक्षा चुनौती र हत्या प्रयास भएका छन् ।


सबैभन्दा चर्चित घटना जुलाई २०२४ मा पेन्सिलभेनियाको बटलरमा आयोजित चुनावी ऱ्यालीमा भएको थियो । भाषणका क्रममा चलाइएको गोली ट्रम्पको दाहिने कानको माथिल्लो भागमा लागेको थियो । उनी सामान्य घाइते भए भने आक्रमणकारीलाई सुरक्षा अधिकारीहरूले घटनास्थलमै गोली हानेर मारेका थिए । उक्त घटनामा एक दर्शकको मृत्यु भएको थियो भने दुई जना घाइते भएका थिए ।

त्यसपछि सेप्टेम्बर २०२४ मा फ्लोरिडाको वेस्ट पाम बीचस्थित गल्फ कोर्समा खेलिरहेका बेला पनि ट्रम्पमाथि अर्को हत्या प्रयास भएको थियो । संदिग्ध व्यक्ति घटनास्थलबाट भागे पनि पछि पक्राउ परेका थिए ।

यसअघि लास भेगासमा आयोजित एक चुनावी कार्यक्रममा प्रहरीको हतियार खोस्ने प्रयास गरेका एक बेलायती युवकले अदालतमा ट्रम्पमाथि आक्रमण गर्ने उद्देश्य रहेको स्वीकार गरेका थिए ।

यसबाहेक ट्रम्पमाथि अन्य सुरक्षा चुनौती र षड्यन्त्रसम्बन्धी दाबीहरू पनि सार्वजनिक हुँदै आएका छन् । तर तीमध्ये कतिपय घटनाबारे आधिकारिक पुष्टि वा न्यायिक निष्कर्ष अझै सार्वजनिक भइसकेका छैनन् ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# राजस्व बढाउन जरिवाना गर्न हुँदैन

बालेन्द्र साह (बालेन) नेतृत्वको सरकारले हरेक क्षेत्रमा नयाँ गर्ने क्रममा केही यस्ता कामहरु गरेको छ । जसले आम नागरिक दुख पाएका छन् । हरेक क्षेत्रमा कानुनको पालना नगर्नेलाई दण्डित गर्नु पर्छ । कानुनको पालना गराउन दण्ड निर्धारण गर्दा राजस्व बृद्धि गर्नलाई प्राथमिकता दिन हुँदैन । दण्ड राजस्व बढाउने साधन होइन । दण्ड, जरिवानालाई राजस्व बृद्धिको स्रोत बनाउँदा सर्वसधारणलाई सास्ती हुन जान्छ । पछिल्लो समयमा ट्राफिक प्रहरीले हरेक दिन राजस्व संकलनको तथ्यांक सार्वजनिक गरी गर्व गरिरहेको छ । ट्राफिक नियम उल्लंघन गर्दा सरकारले निर्धारण गरेको जरिवानाले राजस्व बृद्धि भए पनि आमनागरिकलाई सास्ती भएको छ । ट्राफिक नियमको सामान्य उल्लंघन हुँदा पनि दश हजार जरिवाना तिर्न बाध्य बनाइएको छ । जरिवाना असुल्ने प्रहरीलाई प्रोत्साहन रकम दिने व्यवस्था गरिएकोले पनि सामान्य गल्तीमा जरिवाना ठोक्ने गरिएको छ । ट्राफिक प्रहरीले सवारी नियम उल्लंघन गर्न दिन हुँदैन । तर त्यसका लागि सवारी चालकलाई पहिले सचेत गराउनु पर्छ । ट्राफिक नियम उल्लंघन गर्न हुँदैन भने जागरुकता सवारी चालकमा हुन आवश्यक छ । सवारी चालकले नियम पालना गर्द दुर्घटनाबाट आफू र यात्रुलाई जोगाउन सक्छ । सडकलाई सुरक्षित बनाउन ट्राफिक नियमको पालना अत्यावश्यक छ । नेपालीको क्षमता अनुसार नै जरिवाना निर्धारण भए त्यसले दण्डित हुने सचेत रहने र जरिवाना पनि तिर्न सक्ने हुन्छ । सरकारले हरेक क्षेत्रमा परिवर्तन गर्न चाहनु सकारात्मक हो । तर नेपालीको क्षमताबारे अनभिज्ञ रहनु हुँदैन । आत्मदाहको घटना त्यसकै परिणती हो । दुई छाक टार्न धौ धौ हुनेलाई १० हजार रुपैयाँ जरिवाना गर्नु देशकै लागि दूर्भाग्य हो । मोटरसाइकल आजको दिनमा बिलासिताको साधन होइन । मोटरसाइकल जिवनशैलीसित जोडिएको छ । मोटरसाईकल हरेक परिवारमा हुनुको कारण त्यसको उपादेयता छ । तर मोटरसाइकल एक मिनेट नो पार्किंग क्षेत्रमा लगाउँदा १० हजार गर्नु न्यायोचित होइन । धैरै मोटरसाइकल चालकले १० हजार रुपैया जरिवाना तिर्ने हैसियत राख्दैन । सरकारमा रहेकाहरु जस्तै दुई सय तोला सुन, हिरा र करोडौं नगद, शेयर राख्ने क्षमता कति प्रतिशत नेपालीका छ ? त्यो समेत बुझ्न आवश्यक छ । सरकारले यस्ता प्रयोगहरु गरिरहे कयौं नेपालीले प्राण त्याग गर्न बाध्य हुनेछ । आत्मदाह राज्यप्रतिको वितृष्णा हो । राज्य सञ्चालन हावादारी रुपमा हुँदैन । सत्ता सञ्चालकहरुले नेपालीको यथार्थ हैसियत, विवशताको पूर्ण जानकारी लिनु पर्छ । नेपालमा कति जरिवाना गर्दा उपयुक्त हुने त्यसबारे पूर्व छलफल गर्नु पर्छ । जरिवानाले राजस्व बृद्धि गर्दा कयौं नेपालीले आत्मदाह गर्ने दूर्भाग्यपूर्ण स्थिति आउन सक्छ । सरकारले एक करोड जरिवना संकलन गरेको होला ? तर एकजनाले आत्मदाह गर्दा त्यो एक करोडको के काम ? सरकार यस तर्फ गम्भीर हुन आवश्यक छ ।

## रवि लामिछानेको शक्ति विस्तारः

# पार्टी, सरकार र राजनीतिक केन्द्रको पुनर्संरचना



● सुजीत कुमार झा

नेपालको राजनीतिक इतिहासमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को उदय असाधारण घटनाका रूपमा स्थापित भइसकेको छ । स्थापना भएको केही महिनामै प्रतिनिधिसभामा उल्लेखनीय उपस्थिति जनाएको यो दलले पछिल्लो आमनिर्वाचनमा झन्डै दुई तिहाइ बहुमतसहित सरकार गठन गर्दै नेपाली राजनीतिको शक्ति सन्तुलन नै बदलिदियो । परम्परागत दलहरू दशकौँदेखि कब्जा गर्दै आएको राजनीतिक मैदानमा नयाँ पुस्ता, सामाजिक सञ्जाल र परिवर्तनको आकांक्षाको जगमा उभिएको रास्वपाले अभूतपूर्व जनादेश प्राप्त गर्‍यो ।

निर्वाचनपछि प्रधानमन्त्रीमा बालेन्द्र (बालेन) शाह निर्वाचित भए भने पार्टीको नेतृत्व सभापति रवि लामिछानेले सम्हालिरहे । सरकार गठनको पहिलो सय दिनको समीक्षा गर्दा एउटा रोचक राजनीतिक चित्र देखिन्छ–सरकारको नेतृत्व प्रधानमन्त्री बालेन शाहले गरिरहेका भए पनि पार्टी, सरकार र राष्ट्रिय राजनीतिमा प्रभाव विस्तार गर्ने व्यक्तिका रूपमा रवि लामिछाने झन् शक्तिशाली बन्दै गएको देखिन्छ । सरकारभित्रको शक्ति सन्तुलन, पार्टी संगठन, कानुनी अवस्थाको परिवर्तन, अन्तर्राष्ट्रिय सम्बन्ध र निजी क्षेत्रसँगको संवादलाई हेर्दा उनी रास्वपाका मात्र होइन, समग्र नेपाली राजनीतिको केन्द्रमा उभिन सफल भएका छन् ।

केही महिनाअघि मात्र रवि लामिछाने सहकारी ठगी तथा संगठित अपराधसम्बन्धी अभियोगका कारण अदालत धाइरहेका थिए । उनीमाथि २०८१ पुसमा अभियोग दर्ता भएको थियो भने त्यसपछि थप अभियोग पनि दायर गरिएको थियो । त्यतिबेला धेरैले उनको राजनीतिक भविष्य नै अन्योलमा पर्ने अनुमान गरेका थिए ।

तर राजनीतिक परिस्थिति बदलिँदै जाँदा कानुनी प्रक्रियाले पनि नयाँ मोड लियो । सरकार परिवर्तनपछिमहान्यायाधिवक्ताको कार्यालयले संगठित अपराधतर्फको अभियोग कायम नरहने निष्कर्षसहित सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयहरूलाई अभियोग संशोधन गर्न निर्देशन दियो । त्यसअनुसार सम्बन्धित अदालतहरूले संशोधित अभियोग स्वीकार गरेपछि उनीविरुद्ध सहकारी ठगीसम्बन्धी मुद्दा मात्र बाँकी रह्यो ।

यस परिवर्तनले रवि लामिछानेका लागि सबैभन्दा ठूलो राजनीतिक राहत प्रदान गर्‍यो । अब कुनै पनि राजकीय जिम्मेवारी सम्हाल्न कानुनी रूपमा देखिएको प्रमुख अवरोध हटेको छ । यही कारण पछिल्ला महिनाहरूमा उनको सार्वजनिक सक्रियता उल्लेखनीय रूपमा बढेको देखिन्छ ।

यद्यपि, यी घटनाक्रमबारे विभिन्न कोणबाट बहस जारी छ । समर्थकहरूले यसलाई कानुनी प्रक्रियाको स्वाभाविक परिणाम मानिरहेका छन् भने आलोचकहरूले शक्तिशाली सरकार बनेपछि कानुनी प्रक्रियामाथि राजनीतिक प्रभाव परेको हुन सक्ने आशंका व्यक्त गरेका छन् । यस्ता विषयमा अन्तिम निष्कर्ष भने न्यायिक प्रक्रियाबाट नै स्थापित हुनुपर्ने हुन्छ ।

### प्रधानमन्त्रीभन्दा प्रभावशाली राजनीतिक व्यक्तित्व ?

सरकार गठनपछि प्रधानमन्त्री बालेन शाह प्रशासनिक काम, नीतिगत निर्णय र कार्यान्वयनमा केन्द्रित देखिएका छन् । तर राजनीतिक संवाद, पार्टी समन्वय, निजी क्षेत्रसँगको सम्पर्क तथा कूटनीतिक सम्बन्ध विस्तारमा रवि लामिछानेको सक्रियता बढी देखिएको छ ।

सरकारका सय दिनमा विभिन्न राजनीतिक भेटघाट, निजी क्षेत्रसँगका संवाद, अन्तर्राष्ट्रिय सम्बन्ध तथा पार्टीभित्रको समन्वयमा रविको उपस्थिति निरन्तर बढेको छ । कूटनीतिक वृत्तदेखि व्यवसायिक समुदायसम्म धेरै पक्षले प्रधानमन्त्रीसँगै सभापति लामिछानेसँग पनि प्रत्यक्ष संवाद गर्न थालेका छन् ।

यसले रास्वपाभित्र दुई फरक भूमिकाको विकास भएको संकेत गर्छ । प्रधानमन्त्री बालेन प्रशासन सञ्चालनमा केन्द्रित देखिन्छन् भने सभापति लामिछाने राजनीतिक व्यवस्थापन, संवाद र शक्ति सन्तुलनको भूमिकामा सक्रिय छन् ।




*Ai Generated Image*

रवि लामिछानेको राजनीतिक प्रभाव विस्तारमा भारत भ्रमण अर्को महत्वपूर्ण मोडका रूपमा प्रस्तुत भएको छ ।

सरकार गठनलगत्तै भारतले प्रधानमन्त्री बालेन शाहको भ्रमण गराउन चाहेको चर्चा चले पनि त्यो सम्भव हुन सकेन । त्यसपछि भारतीय पक्षले सत्तारूढ दलको दृष्टिकोण बुझ्न रास्वपाका सभापति रवि लामिछानेलाई निमन्त्रणा दियो ।

भारत भ्रमणका क्रममा उनले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, विदेशमन्त्री एस. जयशंकर, राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल, विदेश सचिव तथा अन्य उच्च अधिकारीसँग भेटवार्ता गरे । यो भ्रमणलाई मात्रै पार्टीगत सम्बन्धका रूपमा सीमित नराखी नेपालको उदाउँदो राजनीतिक नेतृत्वसँगको रणनीतिक संवादका रूपमा व्याख्या गरिएको छ ।

यस घटनाले रवि लामिछानेको अन्तर्राष्ट्रिय राजनीतिक हैसियत बढाएको विश्लेषण गरिएको छ । यद्यपि, भ्रमणको राजनीतिक अर्थबारे विभिन्न मत छन् । समर्थकहरूले यसलाई नेपालको नयाँ नेतृत्वप्रति अन्तर्राष्ट्रिय समुदायको चासोका रूपमा व्याख्या गर्छन् भने आलोचकहरूले यसलाई क्षेत्रीय शक्ति सन्तुलनको दृष्टिले पनि हेर्नुपर्ने तर्क गर्छन् ।

### संगठनमा पूर्ण नियन्त्रण

रास्वपाको पहिलो राष्ट्रिय महाधिवेशनले रवि लामिछानेको संगठनात्मक नेतृत्वलाई थप बलियो बनाएको छ ।

महाधिवेशनमा सभापतिका लागि उनी निर्विरोधजस्तै अवस्थामा पुगे । त्यसपछि सम्पन्न पदाधिकारी तथा केन्द्रीय सदस्यको निर्वाचनमा पनि उनीनिकट नेताहरू विजयी भए । साथै विधानले सभापतिलाई थप पदाधिकारी तथा केन्द्रीय सदस्य मनोनयन गर्ने अधिकार प्रदान गरेको छ ।

यसले पार्टी संगठनभित्र उनको प्रभाव झन् संस्थागत बनेको देखिन्छ । नेपालको समकालीन राजनीतिमा कुनै नयाँ दलको सभापतिले यति छोटो अवधिमा यति बलियो संगठनात्मक नियन्त्रण स्थापित गरेको उदाहरण विरलै भेटिन्छ ।

बलियो संगठनात्मक संरचनाले निर्णय प्रक्रियालाई सहज बनाउने भए पनि आन्तरिक लोकतन्त्र, बहस र वैकल्पिक नेतृत्वको विकासका लागि पर्याप्त स्थान रहन्छ कि रहँदैन भन्ने प्रश्न भविष्यमा महत्वपूर्ण बन्न सक्छ ।

रास्वपाले निर्वाचनअघि प्रधानमन्त्रीका रूपमा बालेन शाहलाई अघि सारेको थियो । तर सरकार सञ्चालनको क्रममा पार्टी नेतृत्व र सरकारबीचको शक्ति सन्तुलनबारे विभिन्न टिप्पणीहरू भइरहेका छन् ।

पार्टी विधानअनुसार संसदीय दलका नेता तथा सांसदहरूमाथि सभापतिको प्रभाव कायम रहने व्यवस्था गरिएको छ । आवश्यक परे संसदीय नेतृत्व परिवर्तन गर्न सकिने प्रावधानले पनि सभापतिको राजनीतिक शक्ति बढाएको छ ।

यसबीच प्रधानमन्त्री बालेन शाहको कार्यशैलीलाई लिएर पार्टीभित्र केही असन्तुष्टि देखिएको चर्चा पनि भएको छ । सांसदहरूसँग सीमित संवाद, औपचारिक भेटघाट र सचिवालयमार्फत मात्र समन्वय गर्ने शैलीका कारण केही सांसद असन्तुष्ट भएको बताइन्छ ।

यस्तो अवस्थामा सभापति लामिछानेले सांसदहरूसँग नियमित छलफल गर्दै उनीहरूको गुनासो सुन्ने तथा समन्वय गर्ने भूमिका खेलेका छन् । यसले पार्टीभित्र उनको पकड थप बलियो भएको देखिन्छ ।

यद्यपि, सार्वजनिक रूपमा भने उनले प्रधानमन्त्रीको बचाउ गर्दै सरकारको एकतामा कुनै समस्या नरहेको सन्देश दिँदै आएका छन् ।

### बालेनको कठोर शैली र रविको संवाद राजनीति

सरकार गठनपछि प्रधानमन्त्री बालेन शाहले प्रशासनिक निर्णयमा निकै कठोर शैली अपनाएका छन् । विशेषगरी अवैध संरचना हटाउने, सरकारी निर्णय कार्यान्वयन गर्ने तथा प्रशासनिक सुधारका विषयमा उनी सम्झौताविहीन देखिएका छन् ।

तर यही शैलीका कारण केही विवाद पनि उत्पन्न भएका छन् । सुकुमबासी व्यवस्थापन, उद्योगी व्यवसायीसँगको सम्बन्ध तथा विभिन्न निर्णय प्रक्रियामा पर्याप्त संवाद नगरेको आरोप लाग्दै आएको छ ।

यस्तो अवस्थामा सभापति रवि लामिछानेले तुलनात्मक रूपमा संवादमुखी भूमिका खेलेका छन् । उनले उद्योगी तथा व्यवसायीहरूसँग छलफल गर्दै सरकार निजी क्षेत्रविरोधी नभएको स्पष्ट पारे । निजी क्षेत्रलाई नआत्तिन आग्रह गर्दै नीति सुधारमार्फत सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरे ।

यसले निजी क्षेत्र, व्यावसायिक समुदाय तथा केही असन्तुष्ट राजनीतिक समूहहरूमा पनि रविप्रति सकारात्मक अपेक्षा बढाएको देखिन्छ ।

सरकार गठनको पहिलो सय दिनमै रवि लामिछाने नेपाली राजनीतिका सबैभन्दा प्रभावशाली नेतामध्ये एक बनेका छन् । कानुनी राहत, अन्तर्राष्ट्रिय सम्पर्क विस्तार, पार्टी संगठनमाथिको नियन्त्रण, सांसदहरूमाथिको प्रभाव तथा निजी क्षेत्रसँगको सम्बन्धले उनको राजनीतिक उचाइ उल्लेखनीय रूपमा बढाएको छ ।

यद्यपि, शक्ति विस्तारसँगै चुनौतीहरू पनि बढेका छन् । पार्टीभित्र आन्तरिक लोकतन्त्र कायम राख्ने, सरकारसँग सन्तुलित सम्बन्ध बनाइराख्ने, कानुनी विवादहरूको अन्तिम टुङ्गोमा पुग्ने तथा जनताले अपेक्षा गरेको सुशासनलाई व्यवहारमा उतार्ने जिम्मेवारी अब झन् ठूलो बनेको छ ।

लोकप्रियता र शक्ति दुवै अस्थायी हुन सक्छन् । तिनलाई दीर्घकालीन राजनीतिक विश्वासमा रूपान्तरण गर्न संस्थागत नेतृत्व, पारदर्शिता, लोकतान्त्रिक अभ्यास तथा परिणाममुखी शासन आवश्यक हुन्छ ।

अन्त्यमा रास्वपाको सरकार गठनपछिको पहिलो सय दिनले एउटा स्पष्ट राजनीतिक सन्देश दिएको छ–रवि लामिछाने पार्टी सभापति मात्र होइन, सरकारभित्र र बाहिर प्रभाव विस्तार गर्दै गएका प्रमुख शक्ति केन्द्रका रूपमा उदाएका छन् । कानुनी राहत, संगठनात्मक नियन्त्रण, अन्तर्राष्ट्रिय सम्पर्क, निजी क्षेत्रसँगको सम्बन्ध र सांसदहरूमाथिको प्रभावले उनको राजनीतिक हैसियतलाई नयाँ उचाइमा पुर्‍याएको छ ।

यद्यपि, लोकतान्त्रिक राजनीतिमा शक्ति विस्तार आफैँमा अन्तिम उपलब्धि होइन । त्यो शक्तिलाई संस्थागत सुशासन, विधिको शासन, पारदर्शिता र उत्तरदायित्वमा रूपान्तरण गर्न सकिए मात्र त्यसले दीर्घकालीन राजनीतिक वैधता प्राप्त गर्छ ।

आगामी दिनहरूमा रास्वपाको आन्तरिक शक्ति सन्तुलन, प्रधानमन्त्री बालेन शाह र सभापति रवि लामिछानेबीचको सम्बन्ध तथा सरकारको कार्यसम्पादनले नेपाली राजनीतिको आगामी दिशा निर्धारण गर्नेछ । त्यसैले पहिलो सय दिनले देखाएको शक्ति विस्तारभन्दा महत्वपूर्ण प्रश्न अब यो हुनेछ–के यो शक्ति लोकतान्त्रिक संस्थालाई बलियो बनाउने दिशामा प्रयोग हुन्छ, वा व्यक्तिकेन्द्रित राजनीतिलाई अझ सुदृढ बनाउने माध्यम बन्छ ?

# अन्तरआत्माको आवाज जहां नागरिक आफैंलाई जलाउन बाध्य हुन्छ



प्रेमचन्द्र झा

कुनै पनि देशको वास्तविक उन्नति अग्ला भवन, चौडा सडक, चम्किला सरकारी प्रतिवेदन वा विकासका भाषणले मात्र मापन हुँदैन। एउटा राष्ट्र त्यतिबेला सफल मानिन्छ, जब त्यसका सबैभन्दा कमजोर नागरिकले पनि राज्यलाई आफ्नो अभिभावक ठान्न सक्छन्। जब एउटा गरिब किसान, मजदुर, बेरोजगार युवा, एकल महिला, दलित, सीमान्तकृत समुदाय वा विपन्न परिवारले दुःख पर्दा ढुक्क भएर भन्न सक्छ–"मेरो देश छ, मेरो सरकार छ।"

तर दुर्भाग्य, नेपालका हजारौं नागरिकका अनुभवले कहिलेकाहीँ यसको ठीक उल्टो चित्र कोर्छन्। उनीहरूका लागि राज्य कुनै सहारा होइन, बरु कागज, प्रक्रिया, दलाल, ढिलासुस्ती र बेवास्ताको अर्को नाम बन्न पुग्छ। अधिकार माग्दा उनीहरूलाई आश्वासन पाइन्छ, न्याय खोज्दा फाइल हराउँछ, राहत खोज्दा राजनीति भेटिन्छ।

यस्तै पृष्ठभूमिमा एउटा नागरिकले आफ्नै शरीरमा आगो लगाउन बाध्य भएको घटना केवल एउटा व्यक्तिको मृत्यु होइन। त्यो एउटा परिवारको पीडा मात्र होइन। त्यो एउटा समाजको मौनता र राज्य व्यवस्थाको गम्भीर असफलताको संकेत हो। एउटा मानिसले मृत्यु रोज्नुको अर्थ केवल जीवनसँग हार्नु होइन; त्यो व्यवस्था प्रतिको अन्तिम निराशा पनि हुन सक्छ।

गणेश नेपाली अब यस संसारमा छैनन्। तर उनको मृत्युले एउटा यस्तो प्रश्न छोडेको छ, जसको उत्तर कुनै मन्त्रालय, कुनै विज्ञप्ति वा कुनै औपचारिक शोक सन्देशले मात्र दिन सक्दैन।


प्रश्न यो हो–के नागरिकले आफ्नो पीडा सुनाउन बाँचुन्जेल कुनै बाटो पाएन? यदि पाएन भने, दोष कसको हो?

राज्यको पहिलो कर्तव्य कर उठाउनु होइन; नागरिकको जीवन रक्षा गर्नु हो। संविधानले शिक्षा, स्वास्थ्य, रोजगारी, सम्मानपूर्वक बाँच्ने अधिकार र सामाजिक सुरक्षाको प्रत्याभूति गरेको छ। तर संविधानका शब्द र गाउँका गरिब नागरिकको वास्तविक जीवनबीच अझै गहिरो दूरी छ।

नेपालका धेरै नागरिकको बिहान आशाले सुरु हुन्छ र साँझ निराशामा टुंगिन्छ। दैनिक ज्याला गरेर परिवार पाल्ने मजदुरलाई थाहा छैन, भोलि काम पाइन्छ कि पाइँदैन। किसानलाई थाहा छैन, आफ्नो उत्पादनले लागत उठाउँछ कि उठाउँदैन। वैदेशिक रोजगारीमा गएका युवाका परिवारलाई थाहा छैन, उनी सकुशल फर्कन्छन् कि फर्कँदैनन्। शिक्षित युवालाई थाहा छैन, पढाइ सकिएपछि आफ्नो देशमै सम्मानजनक रोजगारी पाइन्छ कि पाइँदैन।

यसबीच राज्य भने कहिलेकाहीँ आफ्नै प्रक्रियाको बन्दी बन्छ। एउटा नागरिक महिनौँ कार्यालय धाउँछ। एउटा सिफारिसका लागि धेरै ढोका ढकढक्याउँछ। एउटा फाइल एउटा टेबलबाट अर्को टेबल पुग्न हप्तौँ लाग्छ। एउटा निर्णय राजनीतिक प्रभाव हेरेर हुन्छ। यस्तो अनुभवले नागरिकमा राज्यप्रतिको विश्वास बिस्तारै क्षय हुन थाल्छ।

विश्वका सफल राष्ट्रहरूको इतिहास हेर्दा एउटा समान विशेषता देखिन्छ–उनीहरूले नागरिकलाई "सेवा लिन आउने मानिस" होइन, "राज्यको मालिक" माने। उत्तर युरोपका देशहरूमा सरकारी कार्यालयको पहिलो सिद्धान्त नै नागरिकलाई अनावश्यक दुःख नदिनु हो। जापानमा प्रशासनिक उत्तरदायित्वलाई नैतिक कर्तव्य मानिन्छ। न्यूजिल्याण्डमा सार्वजनिक निकायले गल्ती गरे नागरिकसँग माफी माग्ने संस्कार छ। सिंगापुरमा प्रक्रियालाई सरल बनाइयो। दक्षिण कोरियाले सार्वजनिक सेवामा डिजिटल प्रणाली ल्याएर भ्रष्टाचार र ढिलासुस्ती घटायो।



यी देशहरू धनी भएकाले मात्र सफल भएका होइनन्। उनीहरूले राज्य र नागरिकबीच विश्वास निर्माण गरे।

नेपाललाई पनि त्यही विश्वासको आवश्यकता छ।

हाम्रो समाजमा गरिब हुनु आफैंमा अपराधजस्तै अनुभव हुन थालेको छ। धनीले वकिल, पहुँच, शक्ति र सम्बन्ध पाउँछ। गरिबसँग भने केवल आशा हुन्छ। तर जब आशा पनि क्रमशः समाप्त हुन थाल्छ, त्यहाँ निराशा जन्मिन्छ। निराशा लामो समयसम्म थिचिएपछि त्यसले कहिलेकाहीँ भयावह रूप लिन्छ।

त्यसैले कुनै नागरिकले आफ्नै शरीरमा आगो लगाउनु व्यक्तिगत कमजोरीको विषय मात्र होइन; यो समाज र राज्य दुवैले गम्भीर रूपमा आत्मसमीक्षा गर्नुपर्ने चेतावनी पनि हो।

हामीले आफैलाई सोध्नुपर्ने समय आएको छ–किन एउटा नागरिकलाई आफ्नै देशमा सम्मानपूर्वक बाँच्न कठिन भइरहेको छ? किन धेरै मानिस सरकारी कार्यालयको नाम सुन्नासाथ डराउँछन्? किन न्याय पाउन पहुँच चाहिन्छ? किन गरिबको आवाज कमजोर सुनिन्छ?

यी प्रश्नहरूको उत्तर खोज्नु नै गणेश नेपालीप्रति साँचो श्रद्धाञ्जली हुनेछ।

म व्यक्तिगत रूपमा गणेश नेपालीप्रति उच्च सम्मान व्यक्त गर्दछु। उहाँको आत्माको चिरशान्तिको कामना गर्दछु। शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दै यस्तो असह्य पीडा सहने शक्ति प्राप्त होस् भन्ने प्रार्थना गर्दछु।

यससँगै राज्यसमक्ष एउटा मानवीय आग्रह पनि छ–उहाँको परिवारलाई केवल राहतको घोषणा होइन, दीर्घकालीन जीवनयापनको सुनिश्चितता प्रदान गरियोस्। बालबालिकाको शिक्षा, परिवारको भरणपोषण र सामाजिक सुरक्षाको जिम्मेवारी सरकारले मानवीय संवेदनशीलताका साथ लिनुपर्छ। यसले एउटा परिवारलाई मात्र होइन, राज्य अझै आफ्ना नागरिकप्रति उत्तरदायी छ भन्ने विश्वास पनि पुनः स्थापित गर्न सक्छ।

किनभने एउटा राष्ट्रको शक्ति सेना, भवन वा बजेटमा मात्र हुँदैन; आफ्ना सबैभन्दा पीडित नागरिकको आँसु पुछ्ने क्षमतामा हुन्छ।

तर यति मात्र पर्याप्त छैन। यस्ता घटनापछि केही दिनको सहानुभूति, केही वक्तव्य र केही औपचारिक भेटघाटले समस्या समाधान हुँदैन। आवश्यक छ–प्रणालीगत सुधार। पीडितले न्याय पाउने स्पष्ट र छिटो प्रक्रिया, स्थानीय तहदेखि केन्द्रसम्म उत्तरदायी प्रशासन, र नागरिकको गुनासो सुन्ने प्रभावकारी संयन्त्र। यदि राज्यले समयमै सुन्ने, बुझ्ने र समाधान गर्ने संस्कार विकास गर्न सकेन भने यस्ता पीडाहरू फेरि दोहोरिन सक्छन्।

त्यसैले यो घटना केवल शोकको विषय होइन, सुधारको अवसर पनि हो। अब प्रश्न उठ्नुपर्छ–के हामी फेरि अर्को नागरिकलाई यस्तै निराशाको खाडलमा धकेल्न तयार छौं? कि अब साँच्चै नागरिकमैत्री राज्य निर्माण गर्ने साहस गर्छौं?

उत्तर हाम्रो व्यवहारमा देखिनुपर्छ, भाषणमा होइन।

## सम्पादकलाई चिठ्ठी

**श्री सम्पादकज्यू,**
**जनकपुर टुडे दैनिक, जनकपुरधाम ।**

सरकारले जारी गरेको 'शिक्षा(दशौं संशोधन) नियमावली,२०८३' अनुसार विद्यालयमा विद्यार्थीलाई कुनै पनि प्रकारको शारीरिक तथा मानसिक सजाय दिन पूर्ण रूपमा निषेध गरिएको छ । नियमावलीले विद्यालय परिसर वा कक्षाकोठाभित्र विद्यार्थीको शारीरिक वा मानसिक स्वास्थ्यमा नकारात्मक असर पर्ने कुनै पनि गतिविधि गर्न नपाइने स्पष्ट गरेको छ । विद्यालयको पोशाक नलगाएको वा शुल्क नतिरेको कारण विद्यार्थीलाई अपमानित गर्ने, लज्जित बनाउने वा परीक्षाबाट वञ्चित गर्ने, जबर्जस्ती कपाल काटिदिने जस्ता कार्यलाई दण्डनीय मानिने भनिएको छ । नियम उल्लङ्घन गर्ने शिक्षक वा सम्बन्धित व्यक्तिमाथि कानुनी कारबाही हुने व्यवस्था गरिएको छ ।

विद्यालयमा विद्यार्थीलाई कुटपिट गर्ने,अपमान गर्ने वा शारीरिक तथा मानसिक यातना दिने कार्य कुनै पनि हालतमा स्वीकार्य छैन। यस्तो व्यवहारको अन्त्य पनि हुनुपर्छ भन्ने सबैको साझा चाहना हो । तर आज धेरै शिक्षकको पीडा अर्कै छ । एउटा शिक्षकले आफ्ना विद्यार्थीलाई असल नागरिक बनाउन सम्झाउँदा, अनुशासन सिकाउँदा,गलत बाटोबाट फर्काउन खोज्दा पनि "यो पनि कानुनी समस्या त बन्दैन ?"भन्ने डर बोकेर पढाउनुपर्ने अवस्था आयो भने त्यो शिक्षा प्रणालीका लागि शुभ संकेत होइन ।

पछिल्लो समय धेरै सामुदायिक विद्यालयमा शिक्षकहरू विद्यार्थीको अनुशासन, मोबाइलको लत, गुरुजनप्रतिको सम्मानको कमी, अध्ययनप्रतिको घट्दो रुचिजस्ता समस्यासँग दैनिक संघर्ष गरिरहेका छन् । यस्ता चुनौतीबीच शिक्षकको अधिकार झन् सीमित हुँदै जाने हो भने यसको असर सबैभन्दा बढी विद्यार्थी र सार्वजनिक शिक्षामाथि नै पर्नेछ ।

शिक्षकले डराएर होइन, सम्मानका साथ पढाउन पाउनुपर्छ । विद्यार्थीले पनि डरले नभइ संस्कार, जिम्मेवारी र अनुशासनका साथ सिक्न पाउनुपर्छ । बालअधिकारको संरक्षण आवश्यक छ,तर शिक्षकको आत्मसम्मान र पेशागत अधिकारको संरक्षण पनि उत्तिकै आवश्यक छ । शिक्षकलाई अपराधी बनाएर होइन, सम्मान दिएर मात्र शिक्षाको भविष्य उज्यालो बनाउन सकिन्छ । अनुशासन र दण्ड एउटै कुरा होइन । तर अनुशासन सिकाउने अधिकार समेत शिक्षकबाट खोसिनु हुँदैन ।

कुनै पनि बालबालिकाले शारीरिक वा मानसिक हिंसा,अपमान वा अमानवीय व्यवहार सहनु नपरोस् भन्ने सरकारको उद्देश्य स्वागतयोग्य छ । तर एउटा प्रश्न पनि उत्तिकै गम्भीर छ,यदि ठूला कपाल/नङ पाल्ने, तडक भडक पोशाक लगाउने जस्ता गतिविधिलाई निरन्तरता दिई शैक्षिक गतिविधिलाई नै प्रभावित बनाउने विद्यार्थीलाई अनुशासनमा बस्न प्रेरित गर्न, गलत बाटोबाट सचेत गराउन वा जिम्मेवारीको भावना जगाउन समेत शिक्षक डराउनुपर्ने अवस्था आयो भने विद्यालयको वातावरण कस्तो बन्ला ? आज धेरै अभिभावक र शिक्षकको साझा चिन्ताको विषय बनेको छ । विद्यार्थीहरूमा अनुशासन कमजोर बन्दै गएको, मोबाइलको लत बढ्नुको, गुरुजनप्रतिको सम्मान घट्दै गएको र अध्ययनभन्दा अन्य कुरामा बढी आकर्षण देखिन थालेको छ । यस्तो अवस्थामा शिक्षकलाई केवल जिम्मेवारी दिने तर आवश्यक अधिकार नदिने हो भने शैक्षिक सुधार कसरी सम्भव होला ? शिक्षकको सम्मान र अधिकार पनि सुरक्षित हुनुपर्छ । विद्यालयमा न डरको वातावरण चाहिन्छ,न अराजकताको वातावरण । यसको कार्यान्वयनमा शिक्षक अपराधी नबनून् र विद्यार्थी पनि अनुशासनहीन नबनून् भनेर सन्तुलन कायम हुनु आवश्यक छ । बलियो शिक्षा प्रणाली त्यही हो जहाँ विद्यार्थी सुरक्षित हुन्छन र शिक्षक सम्मानित हुन्छन् । तबमात्र विद्यालय अनुशासन तथा संस्कारको केन्द्र बन्न सक्छ ।

**निवेदक**
**जितेन्द्र प्रसाद सिंह**
**(शिक्षक)**
**श्री जनता जायसवाल(प्रा.तथा व्या.) मा.वि.,गोदार, धनुषा**

# राष्ट्र बैंकद्वारा निष्क्रिय खाता कार्ययोजना बनाई न्यूनीकरण गर्न निर्देशन



काठमाण्डु । नेपाल राष्ट्र बैंकअन्तर्गतको बैंक तथा वित्तीय संस्था नियमन विभागले बैंक तथा वित्तीय संस्थालाई आफूसँग रहेका निष्क्रिय खातालाई न्यून गर्ने सम्बन्धमा कार्ययोजना बनाएर २०८३ पुस मसान्तसम्ममा लागू गर्नुपर्ने निर्देशन दिएको छ।

राष्ट्र बैंकले इजाजतपत्रप्राप्त 'क' वर्गका वाणिज्य बैंक, 'ख' वर्गका विकास बैंक र 'ग' वर्गका फाइनान्स कम्पनीहरुलाई शुक्रबार जारी गरिएको एकीकृत निर्देशन, २०८२ मा संशोधन तथा परिमार्जन गरेर निष्क्रिय खाता न्यूनीकरण गर्नेतर्फ आवश्यक काम अघि बढाउन निर्देशन दिएको हो।

राष्ट्र बैंकले इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामा रहेका सक्रिय खाता निष्क्रिय हुनुपूर्व फोन, एसएमएस र इमेललगायतका माध्यमबाट ग्राहकलाई नियमित रूपमा जानकारी गराउने व्यवस्था गर्न पनि निर्देशन दिएको छ।

त्यस्तै गरी इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले निष्क्रिय खाता सक्रिय गराउनको लागि कम्तीमा छ महिना अवधिको अन्तरालमा फोन, एसएमएस र इमेललगायतका माध्यमबाट पनि सम्बन्धित ग्राहकलाई अनुरोध गरेर सोको अभिलेखसमेत राख्नुपर्ने व्यवस्था गरिएको छ।

इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामा रहेका खाताहरू सम्बन्धित संस्थाको नेपालभरका जुनसुकै शाखा कार्यालय वा मोबाइल वा वेब एप्लिकेसनमार्फत समेत ग्राहकले सहज रूपमा बन्द गर्नसक्ने व्यवस्था गर्नुपर्ने राष्ट्र बैंकद्वारा जारी एकीकृत निर्देशिकमा उल्लेख गरिएको छ।

राष्ट्र बैंकले ग्राहकको उपस्थित भई वा मोबाइल वा वेब एप्लिकेसनमाफृत ग्राहकले खाता बन्द गर्न अनुरोध गरेको खण्डमा उक्त खातामा रहेको मौज्दात निजले अनुरोध गरेको अन्य बैंक तथा वित्तीय सस्थामा रहेको निजको खातामा रकमान्तर गरी खाता बन्द गरिदिनुपर्ने उल्लेख गरिएको छ।

राष्ट्र बैंकले इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको नेपालभरका जुनसुकै शाखा कार्यालयबाट समेत ग्राहक पहिचान गरी सहजरुपमा खाता पुनः सक्रिय गर्नसक्ने व्यवस्था गर्न पनि स्पष्ट निर्देशन दिएको छ। राष्ट्र बैंकले इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थामा रहेका निष्क्रृय भई पुनः सञ्चालन भएका खातामा हुने अस्वभाविक कारोबारको निगरानी गर्ने प्रणालीको विकास गर्न पनि बैंक तथा वित्तीय संस्थालाई अनुरोध गरेको छ। रासस

> राष्ट्र बैंकले इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको नेपालभरका जुनसुकै शाखा कार्यालयबाट समेत ग्राहक पहिचान गरी सहजरुपमा खाता पुनः सक्रिय गर्नसक्ने व्यवस्था गर्न पनि स्पष्ट निर्देशन दिएको छ ।

# वर्षा नहुँदा रौतहटका खेत बाँझै

चन्द्रपुर । यहाँको चन्द्रपुर नगरपालिका-२ सखुवानीका किसान खुशबहादुर बम्जन दैनिकजसो खेत पुगेर आकाश हेर्दै फर्किनुहुन्छ । असारको २७ गते बितिसक्दासमेत यस वर्ष रोपाइँको टुङ्गो नहुँदा उहाँ निराश हुनुहुन्छ।



धानको बीउ तयार छ तर खेत पूरै सुक्खा छ । खेतमा सिँचाइको सुविधा नहुँदा यहाँका भेगका बम्जनसहित सयौँ किसान आकाश हेर्न बाध्य छन् । गत वर्ष पनि समयमा वर्षा नहुँदा सिँचाइ अभावले धान रोप्न नपाउनुभएका बम्जनले यस वर्ष भने रोपाइँ गर्ने योजना बनाउनुभएको थियो । अहिले आकाशे पानीको भरमा बस्नु परिरहेकाले रोपाइँ अन्योल बनेको उहाँको भनाइ छ । "रोपाइँका लागि आलीधारी जोतखन तयार छ तर पानीको व्यवस्था नहुँदा समस्या भइरहेको हो, खेत पूरै बाझै छन्", बम्जनले भन्नुभयो ।

यस्तै समस्या र चिन्तामा हुनुहुन्छ सोही गाउका कुलदीप चौधरी । "गत वर्ष सिँचाइ नहुँदा रोपाइँ नभएको खेत अहिले पनि बाँझै रहने चिन्ता छ। अहिलेसम्म पर्याप्त पानी परेको छैन, बीउ ब्याडमै सुकेका छन् । कहिले रोपाइँ गर्ने अन्योलमा छौँ", उहाँले भन्नुभयो। आकाशे पानीको भरमा बस्नुपर्ने, वैकल्पिक सिँचाइको व्यवस्था नहुनेलगायत कारणले खेत बाँझै हुन थालेकामा उहाँले चिन्ता व्यक्त गर्नुभयो ।

किरण बम्जन, बाबुराम घिसिङ, उमेश चौधरीलगायत यहाँका सयौँ किसानलाई गत वर्ष बाँझो बनेका खेत यस वर्ष पनि रोपाइँ नहुने हो कि भन्ने चिन्ता बढेको छ।

जिल्लामा करिब ३८ हजार ५०० हेक्टर जमिन धान रोप्न योग्य भए पनि हालसम्म छ हजार १६० हेक्टरमा मात्रै धान रोपाइँ भएको जिल्लास्थित कृषि ज्ञान केन्द्रका कार्यालय प्रमुख सुरेन्द्र कुर्मीले जानकारी दिनुभयो । यतिबेलासम्म करिब ४५ देखि ५० प्रतिशत रोपाइँ हुनुपर्ने बताउँदै उहाँले प्रयाप्त वर्षा नहुँदा करिब १६ प्रतिशत रोपाइँ भाएको उल्लेख गर्नुभयो।

बागमती सिँचाइ आयोजनाले रौतहटको करिब १३ हजार हेक्टर र झाँझ सिँचाइ आयोजनाले करिब चार हजार ५०० हेक्टर जमिन सिँचित गर्दै आएको कार्यालय प्रमुख कुर्मीले जानकारी दिनुभयो । उहाँका अनुसार बागमती सिँचाइबाट चन्द्रपुर नगरपालिकाको आधा भूभाग, बृन्दावन, गुजरा, गढीमाई, माधवनारायण नगरपालिका तथा दुर्गाभगवती गाउँपालिकामा सिँचाइ सुविधा पुगेको छ।

त्यस्तै झाँझ आयोजनाअन्तर्गत गरुडा, माधवनारायण, गढीमाई नगरपालिका र यमुनामाई गाउँपालिकामा सिँचाइ पुगेको छ। स्यालो ट्युबवेलबाट २० प्रतिशत खेतीयोग्य जमिन सिञ्चित हुने कुर्मीले जानकारी दिनुभयो। स्यालो ट्रियुबेल तरकारीखेतीमा बढी प्रयोग हुने गरेको उहाँको भनाइ छ। उहाँका अनुसार नारायणी सिँचाइ व्यवस्थापन कार्यालयअन्तर्गत गण्डक नहरको पानी रौतहट भित्र्याउनसके चार वटा पालिकामा सिँचाइ पुग्ने उहाँले बताउनुभयो।

उक्त नहर सरसफाइ गरेर पानी रौतहट ल्याउनसके यहाँका बौधीमाई, राजपुर, परोहा नगरपालिका र दुर्गाभगवती गाउँपालिकाका खेत सिञ्चित हुने कार्यालय प्रमुख कुर्मीले उल्लेख गर्नुभयो। उहाँका अनुसार बौधीमाई नगरपालिकाको बङ्कुलबाट दुर्गाभगवती गाउँपालिकाको बडहर्वासम्म गण्डक नहर विस्तार भए पनि लामो समयदेखि उक्त नहरमा पानी आउन सकेको छैन।

रौतहटको कुल ५२ हजार २०० हेक्टर खेतीयोग्य जमिनमध्ये करिब ३८ हजार ५०० हेक्टरमा धान रोपिँदै आइएको उहाँले जानकारी दिनुभयो । कार्यालय प्रमुख कुर्मीका अनुसार गत वर्ष रौतहटमा करिब ३१ हजार ५०० हेक्टर क्षेत्रफलमा धानखेती गरिएको थियो। मनसुन सक्रिय भई निरन्तर वर्षा भए केही दिनभित्र रोपाइँले गति लिने उहाँले बताउनुभयो। रासस

# घाइतेलाई डिआईजीले अस्पताल पुऱ्याए

**टुडे समाचारदाता**

रौतहट। मधेश प्रदेश सशस्त्र प्रहरी बलका डीआईजी विष्णुप्रसाद भट्टले सडक दुर्घटनामा एक घाइतेलाई उद्धार गरी अस्पताल पुऱ्याएका छन्।

धनुषाको मटिहानीबाट फर्किरहेका बेला विपरीत दिशाबाट आएको यात्रुवाहक टेम्पु दुर्घटनामा परेपछि



तत्काल घाइते भएकालाई उपचारका लागि आफ्नै गाडीबाट जनकपुरधाम प्रादेशिक अस्पतालमा पुऱ्याएको छ।

डीआईजी भट्ट यसअघि पनि मधेश प्रदेशका सीमावर्ती क्षेत्रमा पुगेर स्थानीयसँग प्रत्यक्ष संवाद गर्ने, सीमा नाकाबाट हुने चोरी-तस्करी, लागूऔषध ओसारपसार तथा अन्य आपराधिक गतिविधि नियन्त्रणका विषयमा अन्तरक्रिया सञ्चालन गर्दै आएका छन्।

# केही स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना



काठमाण्डु । हाल देशभर मनसुनी वायुको प्रभाव रहेको छ। हाल मनसुनको न्यून चापीय रेखा सरदर स्थानभन्दा केही माथि रहेको छ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार देशभर साधारणतया बादल लागेको छ । कोशी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको थोरै स्थानमा तथा मधेस प्रदेशको एक-दुई स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ।

शनिबार दिउँसो देशभर अधिकांश बादल लाग्नेछ। देशका हिमाली भू-भागका केही स्थानमा मेघगर्जन/चट्याङ्गसहित मध्यमसम्मको वर्षा र हिमपातको सम्भावना छ। देशका पहाडी भू-भागका धेरै स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना छ। देशका तराई भू-भागका केही स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना छ।

कोशी, बागमती, गण्डकी, कर्णाली प्रदेशको पहाडी भू-भाग साथै लुम्बिनी र सुदूरपश्चिम प्रदेशको पहाडी र तराई भू-भागको एक-दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको छ।

शनिबार राति देशभर साधारणतया बादल लाग्ने सम्भावना छ । देशका हिमाली भू-भागका थोरै स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना छ। कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको पहाडी र तराई भू-भागको धेरै स्थानमा तथा कर्णाली प्रदेशको पहाडी र सुदूरपश्चिम प्रदेशको पहाडी र तराई भू-भागका केही स्थानमा मेघगर्जन/चट्याङसहित मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना छ।

गण्डकी र लुम्बिनी प्रदेशको पहाडी भू-भागको थोरै स्थानमा र कोशी प्रदेशको पहाडी, गण्डकी र लुम्बिनी प्रदेशको तराई भू-भागको एक-दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको छ। रासस

# कोरला नाका जोड्ने (छुसाङ-घमी) सडकको कालोपत्र ठेक्का आह्वान

मुस्ताङ । उत्तर/दक्षिण व्यापारिकमार्ग विस्तार आयोजनाअन्तर्गत कालीगण्डकी करिडोर(बेनी-जोमसोम-कोरला) सडक आयोजनाले कोरलानाका जोड्ने (छुसाङ-घमी) सडकको बहुवर्षीय ठेक्का आह्वान गरेको छ। आयोजनाले शुक्रबार सूचना प्रकाशित गरी छुसाङ-घमी सडकको स्तरोन्नति तथा कालोपत्रका लागि ठेक्का आह्वान गरेको हो।

सडक स्तरोन्नति तथा कालोपत्रका लागि दुई प्याकेजमा बहुवर्षीय ठेक्का आह्वान गरिएको आयोजना प्रमुख तेजस्वी शर्माले जानकारी दिनुभयो । सडकमार्गअन्तर्गत छुसाङदेखि भेनासम्मको (२०.१) किलोमिटर सडक (पहिलो खण्ड) र भेनादेखि घमीसम्मको (२०.१) किलोमिटर (दोस्रो खण्ड) गरी बहुवर्षीय ठेक्का आह्वान गरिएको हो।

छुसाङदेखि भेनासम्मको (१४ किलोमिटर) सडकका लागि रु एक अर्बभन्दा बढी र भेनादेखि घमीसम्मको (६ किलोमिटर) सडकका लागि करिब रु एक अर्ब लागत रहने छ।



आयोजना प्रमुख शर्माले आयोजनाको कात्तिक महिनाभित्र ठेक्का सम्झौता भई तिहारलगत्तै कामसुरुगरिनेबताउनुभयो।यसअघि गत वैशाखमा अर्थ मन्त्रालयले कोरला सडकअन्तर्गत (छुसाङ-घमी) सडकका लागि रु तीन अर्ब १५ करोड बजेट स्रोत सुनिश्चित गरेको थियो।

उत्तरी/दक्षिण जोड्ने कालीगण्डकी करिडोर (बेनी-जोमसोम-कोरला) सडक आयोजनाअन्तर्गत कोरला सडक निर्माण कार्य आव २०७३/७४ सालदेखि सुरु भएको थियो । जसमध्ये ११० किलोमिटर ग्राभेल सडकको सात प्याकेजमा निर्माण सुरु गरिएकामा आव २०७६/७७ सालमा ग्राभेल सडक सम्पन्न भई आयोजनालाई हस्तान्तरण भएको थियो।

गत वर्ष (कागबेनी-छुसाङ) नौ दशमलव ८ किलोमिटर सडकको सडक स्तरोन्नति तथा कालोपत्र विस्तार गर्न रु २८ करोड ८७ लाख बजेट विनियोजना गरिएको थियो। हाल निर्माणाधीन कागबेनी-छुसाङ सडक कालोपत्र सडक स्तरोन्नतिको २५ प्रतिशत भौतिक प्रगति भएको आयोजनाले उल्लेख गरेको छ।

आयोजनाअन्तर्गत मुस्ताङको जोमसोमदेखि कागबेनीसम्मको सडक स्तरोन्नति निर्माणाधीन अवस्थामा छ । साल बसाली ठेक्का सम्झौताअन्तर्गत रु सात करोड लागतमा (कालीमाता-थापाकाजी-रसुवा) जेभी कन्स्ट्रक्सनसँग ठेक्का सम्झौता गरिएको हो । साविक कालोपत्र सडकलाई दीर्घकालीन हुनेगरी सडक प्रोटेक्सन, ड्रेन निर्माण र पल्म कङ्क्रिट वाललगायत संरचना निर्माण गरिने गरी निर्माणको काम अघि बढाएको छ।

आयोजनाअन्तर्गत पर्वतको मालढुङ्गादेखि मुस्ताङको घमीसम्मको सडकमा कालोपत्र सडक निर्माणाधीन, सम्पन्न र ठेक्का आह्वान भएकाले आगामी आवमा घमी-कोरला सडकको आइइ स्वीकृत गरी कालोपत्र गर्न स्रोत सहमति माग गरिने आयोजना प्रमुख शर्माले उल्लेख गर्नुभयो।

सरकारले कोरला नाकालाई उच्च प्राथमिकतामा राखेको छ। पूर्वाधारमन्त्री सुनील लम्सालले असार दोस्रो साता कोरला सडककोसमेत निरीक्षण गर्दै आयोजनामा बजेटको अभाव हुन नदिने उल्लेख गर्नुभएको थियो।

नेपाल-चीन उत्तरी कोरला नाकालाई सरकारले चालु वर्षको ३१ भदौदेखि पूर्ण रुपमा सञ्चालनमा ल्याएको थियो । नाका पूर्ण रुपमा सञ्चालनमा आएसँगै भन्सार राजस्व करिब रु छ अर्ब बढी सङ्कलन भइसकेकाले उत्तरी कोरलानाका जोड्ने सडकलाई सरकारले उच्च प्राथमिकतामा राखेको हो । कोरला नाकासम्म सडक स्तरोन्नति तथा कालोपत्र भएमा उपल्लो मुस्ताङ व्यापारिक मार्ग तथा पर्यटनलगायत स्थानीय नागरिकको आवागमनमा ठूलो योगदान पुग्ने विश्वास गरिएको छ। रासस

# फरार ५२ प्रतिवादी पक्राउ




**टुडे समाचारदाता**

जनकपुरधाम । विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय पाएर लामो समयदेखि फरार रहेका ५२ जना प्रतिवादीलाई धनुषा प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाले सार्वजनिक गरेकोप्रेस विज्ञप्ति अनुसार अदालतको फैसला कार्यान्वयन अभियान अन्तर्गत खटिएको प्रहरी टोलीले खोजतलाशको क्रममा फरार ५२ जना प्रतिवादीलाई पक्राउ गरिएको हो।

पक्राउ परेका सबैलाई आवश्यक कानुनी कारबाहीका लागि धनुषा जिल्ला अदालतमा उपस्थित गराइएको छ।

पक्राउ परेकामध्ये कुटपिट, कुटपिट तथा लुटपाट, चोरी, लुटपाट, बालविवाह, बोक्सीको आरोप, नागरिकता किर्ते, सवारी ज्यान, सवारी अंगभंग, जालसाजी, लागूऔषध, चेक अनादर, गालीबेइज्जती तथा लेनदेनसम्बन्धी मुद्दाका फरार प्रतिवादी रहेका छन्।

उनीहरूमध्ये केहीलाई १५ दिनदेखि २ वर्ष ३ महिनासम्म कैद सजाय तोकिएको थियो भने अन्यलाई विभिन्न रकमको जरिवाना मात्रै तोकिएको थियो । जरिवानाको रकम ३०० रुपैयाँदेखि २ लाख ५० हजार रुपैयाँसम्म रहेको विज्ञप्तिमा उल्लेख छ।

जिल्ला प्रहरी कार्यालय धनुषाले अदालतको फैसला कार्यान्वयनलाई प्राथमिकतामा राख्दै फरार प्रतिवादी पक्राउ अभियानलाई निरन्तरता दिइने जनाएको छ । अदालतको फैसला कार्यान्वयनबाट कानुनी शासनलाई प्रभावकारी बनाउने र अपराध नियन्त्रणमा थप सहयोग पुग्ने धनुषा प्रहरीको विश्वास छ।

## सगरमाथा वृक्षरोपण अभियानः

# पर्वतमा दुई हजारभन्दा बढी बिरुवा रोपिए

पर्वत । नेपालले सन् २०४५ सम्म कार्बन उत्सर्जन शून्यमा झार्ने प्रतिबद्धता गरेअनुरूप विसं २०८२ देखि विसं २१०२ सम्म हरेक वर्ष असार १४ देखि साउन १५ सम्म एकमहिने सगरमाथा वृक्षरोपण महाअभियान सञ्चालन गर्दै आएको छ। उक्त अभियानअन्तर्गत पर्वतमा दुई हजार ५०० बिरुवा रोपिएको हो।

गत वर्षदेखि सुरु भएको उक्त अभियानअन्तर्गत डिभिजन वन कार्यालय पर्वतको सहयोगमा जिल्लाका विभिन्न क्षेत्रमा जीवनोपयोगी बिरुवा रोपिएको हो । कुश्मा नगरपालिका-७ मा रहेको भड्खोरे सामुदायिक वन, वडा नं २ मा रहेको कालीगण्डकी छमर्केपातल सामुदायिक वन, जलजला गाउँपालिकामा रहेको एकसल्ले सामुदायिक वनमा वृक्षरोपण गरिएको हो।

अभियानअन्तर्गत करिब दुई हजार ५०० बिरुवा रोपिएको डिभिजन वन कार्यालयले जनाएको छ। वन क्षेत्रमा फलफूलजन्य बिरुवा रोपी उपभोक्ताको आयआर्जनमा सुधार गर्दै वन्यजन्तु तथा कार्बन उत्सर्जनमा टेवा पुऱ्याउने उद्देश्यले यस वर्ष झण्डै दुई हजार ५०० बिरुवा रोपिएको कार्यालयका प्रमुख हेमलाल न्यौपानेले जानकारी दिनुभयो।



उहाँका अनुसार आँप, कटहर, लिची, अम्बा, टिमुर, अमलालगायत पहाडी भेगमा रुख बनेर फल्ने फलफूल जातलाई सामदायिक वन, कबुलीयती वन र सार्वजनिक र खाली रहेको जमिनमा रोपण गरिएको हो। स्थानीय सामुदायिक वन उपभोक्ता समितिसँगको सहकार्यमा बिरुवा रोपिएको उहाँले बताउनुभयो।

डिभिजन वन कार्यालयले निःशुल्क रूपमा उपलब्ध गराएका ती बिरुवाको रेखदेख र संरक्षणको जिम्मा भने उपभोक्ता समितिको रहने छ । यसबाट भएको आम्दानीसमेत उपभोक्ता समितिले नै लाभ लिनसक्ने भएका छन्। बिरुवा रोपनमा जिल्लास्थित सरकारी तथा सुरक्षा निकायले पनि सहजीकरण गरिरहेका वन कार्यालयले जनाएको छ।

अहिले रोपिएका बिरुवाको उचित संरक्षण भएमा दुई वर्षभित्र आम्दानी हुन थाल्नेछ । यसले बाँदरसहित अन्य वन्यजन्तुको आतङ्क न्यूनीकरण गर्नुका साथै स्थानीयवासीको आयआर्जनमा सुधार गर्दै समग्र जलवायु परिवर्तको असरलाई न्यूनीकरण गर्ने डिभिजन वन कार्यालयका वनअधिकृत राजेश पोखेलले जानकारी दिनुभयो।

विशेषगरी कार्बन उत्सर्जन न्यूनीकरण र जलवायु परिवर्तनको असरलाई अनुकूलनमा योगदान, हिमालय र त्यसको जलाधार क्षेत्रको संरक्षण, वातावरणीय पुनःस्थापना र जैविक विविधता प्रवर्द्धन, रोजगारी सिर्जना तथा स्थानीय समुदायको जीवनस्तर सुधार, भावीपुस्ताका लागि सुरक्षित, हरित र समृद्ध वातावरणको निर्माण गर्ने उद्देश्यले वृक्षरोपण अभियान थालिएको पोखेलले जानकारी दिनुभयो।

यसबाहेक कार्यालयमार्फत घाँससहित विभिन्न प्रजातिका गरी करिब ३० हजार बिरुवासमेत वितरण गरिएको छ । घाँस, फलफूल, जडिबुटीलगायत बिरुवा कार्यालयले निःशुल्क रूपमा वितरण गरेको हो । यस्तै, भू तथा जलाधार व्यवस्थापन कार्यालयले पनि बाँस, निगालो, राईखन्यु, बडहरलगायत विभिन्न प्रजातिका २० हजारभन्दा बढी बिरुवा वितरण गरिएको जनाइएको छ। रासस

# विपद्का घटनासम्बन्धी हटलाइन १२३४ अब सबै जिल्लामा

काठमाण्डु । विपद्सम्बन्धी घटना, गुनासा, सूचना तथा उद्धारसम्बन्धी सेवालाई थप छिटो, सहज र प्रभावकारी बनाउन गृह मन्त्रालयले विपद् हटलाइन नम्बर १२३४ लाई जिल्लास्तरसम्म विस्तार गरी सञ्चालनमा ल्याएको छ।

मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्तिअनुसार यसअघि केन्द्रबाट मात्रै सञ्चालन हुँदै आएको विपद् टोल-फ्री नम्बर ११४९ लाई रूपान्तरण गरी १२३४ नम्बर सञ्चालनमा ल्याइएको हो।




नयाँ व्यवस्थाअनुसार काठमाण्डु उपत्यकाका काठमाडौँ, ललितपुर र भक्तपुर जिल्लाबाट १२३४ मा गरिएको फोन राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र, सिंहदरबारमा पुग्नेछ भने अन्य ७४ जिल्लाबाट गरिएको फोन भने सम्बन्धित जिल्लाको जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रमा स्वतः 'राउटिङ' हुने व्यवस्था मिलाइएको छ।

मन्त्रालयका अनुसार विपद्सम्बन्धी सूचना, समस्या, गुनासा तथा सुझावका लागि नागरिकले अब आफ्नै जिल्लाको आपत्कालीन केन्द्रसँग प्रत्यक्ष सम्पर्क गर्नसक्ने भएकाले उद्धार, समन्वय र सेवा प्रवाह अझ प्रभावकारी हुने अपेक्षा गरिएको छ।

मन्त्रिपरिषद्को २०८२ चैत १३ गतेको बैठकले शासकीय सुधार कार्यसूचीअनुसार नतिजामा आधारित शासकीय प्रबन्ध लागू गर्दै नागरिक सेवालाई परिणाममुखी, जवाफदेही र प्रभावकारी बनाउने नीति लिएको थियो । सोही नीतिअनुसार सबै ७७ जिल्लाका आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई २४सैं घण्टा सञ्चालन गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको गृह मन्त्रालयले जनाएको छ।

मन्त्रालयले विपद्को समयमा नेपाल सरकारबाट जारी हुने आधिकारिक सूचना तथा पूर्वसूचनाको पालना गर्न र आवश्यक परे १२३४ नम्बरमा सम्पर्क गर्न नागरिकलाई आग्रह गरेको छ। रासस

# पोलको कारण नाला निर्माण अधुरो

**टुडे समाचारदाता**

लहान । भौतिक पूर्वाधार विकास कार्यालय, सिरहाद्वारा नाला निर्माण कार्य विद्युत् पोल स्थानान्तरण नहुँदा अधुरो रहेको भन्दै स्थानीयले सिरहाको चोहर्वावासी गुनासो गरेका छन् ।

सिरहाको गोलबजार नगरपालिका-८ स्थित पुरानो चोक चोहर्वा बजारका स्थानीयका अनुसार पटक-पटक मौखिक तथा लिखित आग्रह गर्दा पनि नेपाल विद्युत् प्राधिकरणबाट आवश्यक पहल हुन सकेको छैन ।

चोहर्वा बजार विकास समितिका अध्यक्ष नागेन्द्रप्रसाद सिंहले वडाको सिफारिससहित नेपाल विद्युत् प्राधिकरण मिर्चैयामा पोल हटाउन निवेदन दर्ता गराएको महिनौं बितिसक्दा पनि कुनै सुनुवाइ नभएको बताए । उनले भने, 'ठाउँ-ठाउँमा रहेका पोलका कारण नालाको जोड्ने काम हुन सकेको छैन ।

नाला नजोडिँदा पानी जम्ने, दुर्गन्ध फैलिने तथा सर्वसाधारण र बालबालिकाको स्वास्थ्यमा प्रतिकूल असरपर्ने जोखिम बढ्ने देखिएको छ ।'



स्थानीय शिवकुमार यादवले नाला निर्माणपछि बजार व्यवस्थित हुने अपेक्षा गरे पनि अधुरो निर्माणका कारण समस्या झन् बढेको बताए । उनका अनुसार पानी जम्दा आवतजावत र किनमेलमा समेत कठिनाइ भइरहेको छ ।

भौतिक पूर्वाधार विकास कार्यालयका इन्जिनियर शेखरमणि सिंहले विद्युत् पोल नसारिएकै कारण बाँकी काम रोकिएको स्वीकार गर्दै पोल स्थानान्तरण भएलगत्तै नालाको जोड्ने कार्य सुरु गरिने जानकारी दिए ।

भौतिक पूर्वाधार मन्त्रालयले आर्थिक वर्ष २०८२/८३ का लागि उक्त योजनाको ठेक्का नं. ४७ अन्तर्गत ४५ लाख रुपैयाँको लागत अनुमान स्वीकृत गरेको थियो ।

सोही योजना अन्तर्गत मिर्चैयास्थित चन्द्र कन्सल्टेन्सी एन्ड कन्स्ट्रक्सन कम्पनीले भ्याटसहित ३८ लाख ७९ हजार ७८ रुपैयाँमा ठेक्का सम्झौता गरेको छ। कम्पनीले हालसम्म २९ लाख ८ हजार २७८ रुपैयाँ भुक्तानी पाइसकेको कार्यालयले जनाएको छ।

नेपाल विधुत प्राधिकरण मिर्चैया शाखाका सुपरभाइजर जीवछ शर्माले निवेदन दिएर मात्रै काम नहुने बताए। 'निवेदन दिनेले समय-समयमा ताकेता गर्नुपर्ने हुन्छ। दिनमा ५ देखि १० वटा यस्ता निवेदन आउँछन् । कर्मचारीहरू पनि फिल्डमै हुन्छन् । समन्वय नभएको कारण ढिलो भएको हुनसक्छ,' उनले भने ।

# व्यापारिक मार्ग विस्तारका लागि १ अर्ब बजेट

**संघीय सरकारले आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत औद्योगिक करिडोर (व्यापारिक मार्ग) विस्तार आयोजनाअन्तर्गत उक्त रकम विनियोजन गरेको हो । गण्डक चोकदेखि मितेरी पुलसम्मको सडक विस्तारका लागि आवश्यक विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) समेत तयार भइसकेको सडक डिभिजन कार्यालयले जनाएको छ ।**

**टुडे समाचारदाता**

वीरगञ्ज । संघीय सरकारले वीरगञ्जको मुख्य व्यापारिक मार्ग विस्तारका लागि १ अर्ब २ करोड २५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ। सडक डिभिजन कार्यालय, हेटौडाका अनुसार गण्डक चोकदेखि मितेरी पुलसम्मको सडक विस्तार कार्यका लागि उक्त रकम छुट्याइएको हो ।

कार्यालय प्रमुख इन्जिनियर किरण कार्कीका अनुसार सडक विस्तार आयोजनाको सम्पूर्ण प्रक्रिया योजना अनुसार अघि बढिरहेको छ। उनले संघीय सरकारबाट बजेट प्राप्त भइसकेको र बहुवर्षीय योजनाअन्तर्गत आगामी साउन महिनाभित्रै ठेक्का सम्झौता गर्ने तयारी रहेको जानकारी दिए।

संघीय सरकारले आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत औद्योगिक करिडोर (व्यापारिक मार्ग) विस्तार आयोजनाअन्तर्गत उक्त रकम विनियोजन गरेको हो । गण्डक चोकदेखि मितेरी पुलसम्मको सडक विस्तारका लागि आवश्यक विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) समेत तयार भइसकेको सडक डिभिजन कार्यालयले जनाएको छ।



सडक विस्तारको प्रक्रिया सुरु भएसँगै कार्यालयले त्रिभुवन राजपथअन्तर्गत मितेरी पुलदेखि गण्डक चोकसम्म सडकको केन्द्ररेखाबाट दायाँ-बायाँ २५/२५ मिटर क्षेत्रभित्र रहेका संरचना हटाउने अभियान थालेको थियो। गत वैशाख ६ गतेदेखि सडक किनारमा रहेका संरचना हटाउने कार्य सुरु गरिएको थियो भने त्यसअघि अल्पसूचना जारी गरी सम्बन्धित पक्षलाई संरचना खाली गर्न आग्रह गरिएको थियो ।

यसैबीच, सडक सीमाभित्र अझै बाँकी रहेका संरणा पाँच दिनभित्र हटाउन भन्दै असार २ गते पुनः सूचना जारी गरिएको थियो। साथै, क्षतिग्रस्त भवनमा बसोबास तथा व्यापार सञ्चालन गरिरहेका व्यक्तिलाई जोखिम नलिन भनेको थियो।

तर उक्त सूचनापछि वीरगञ्ज युवा तथा व्यापारी सडक पीडित संघर्ष समितिले संरचना हटाउन थप ३५ दिनको समय माग गर्दै निवेदन दिएको छ। त्यसैगरी पर्सा निर्वाचन क्षेत्र नं. १ का सांसद हरि पन्तको सचिवालयबाट समेत १५ दिन थप समय दिन आग्रह गरिएको पत्र प्राप्त भएको सडक डिभिजन कार्यालयले जनाएको छ।

यी मागलाई मध्यनजर गर्दै तत्कालका लागि संरचना हटाउने कार्य स्थगित गरिएको इन्जिनियर कार्कीले बताए । उनका अनुसार अब थप ३५ दिनपछि सडक सीमाभित्र रहेका संरचनाका विषयमा आवश्यक निर्णय गरिनेछ।

# खैरो हिरोइनसहित एक पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरी प्रहरीले बर्दिबास नगरपालिकाबाट चेकजाँचका क्रममा ३५.०४ ग्राम लागू औषध खैरो हिरोइनसहित एक जनालाई पक्राउ गरेको छ।

गएराति करिब ११ बजे इलाका प्रहरी कार्यालय बर्दिवास, महोत्तरी र लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय बर्दिवासबाट खटिएको संयुक्त प्रहरी टोलीले पदम ठकुराठीलाई खैरो हिरोइन सहित पक्राउ गरेको हो।

महोत्तरी प्रहरीले जनाए अनुसार बर्दिवास नगरपालिका-१ स्थित पूर्व-पश्चिम राजमार्गमा रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालयको चेकपोस्टमा राजविराजबाट काठमाडौंतर्फ गइरहेको बा.प्र. ०१-००६ ख ७००२ नम्बरको यात्रुवाहक बसमा चेकजाँच गर्दा बसमा सवार ठकुराठीको साथबाट सो खैरो हिरोइन बरामद भएको हो।

प्रहरीका अनुसार तीन वटा प्लास्टिकले बेरिएको लागुऔषध (खैरो हिरोइन) जस्तो देखिने पदार्थ बरामद भएको हो। उक्त पदार्थको तौल गर्दा प्लास्टिकसहित ४७.८० ग्राम र प्लास्टिकबाहेक शुद्ध तौल ३५.०४ ग्राम रहेको छ।

बरामद गरिएको लागुऔषध र पक्राउ परेका ठकुराठीलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय बर्दिवास, महोत्तरीमा राखिएको महोत्तरी प्रहरीले जनाएको छ।

# सेनाद्वारा सचेतना कार्यक्रम सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली सेनाको विष्णुदल गणले धनुषा जिल्लाको सबैला नगरपालिका-९ स्थित रामजानकी नमुना माध्यमिक विद्यालयमा विपद् व्यवस्थापन, सर्पदंश तथा विस्फोटक पदार्थ सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न गरेको छ।



श्री नं. २७ वाहिनी अड्डाका वाहिनीपति सहायक रथी नारायणबहादुर थापाज्युको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा विद्यालयका विद्यार्थी, शिक्षक तथा अभिभावकहरुलाई विपद् व्यवस्थापन, सर्पदंश, आइइडी/विस्फोटक पदार्थहरूको पहिचान तथा हाईलाइन रेस्क्यु सम्बन्धी कक्षा एवं डेमोन्स्ट्रेशन सञ्चालन गरिएको थियो ।

सो अवसरमा नेपाली सेनाले विद्यालयका विद्यार्थीहरूलाई स्टेशनरी सामग्री तथा विद्यालयलाई भलिबल, फुटबल, क्रिकेट र चेसलगायत विभिन्न खेलकुद सामग्री हस्तान्तरण गरेको थियो।

कार्यक्रममा सबैला नगरपालिकाका प्रमुख कारीराम यादव, वडा नं. ९ का वडा अध्यक्ष मनिष कुमार राय, जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक, विद्यार्थी, स्थानीय बुद्धिजीवी तथा सर्वसाधारण गरी करिब १,५५० जनाको सहभागिता रहेको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि सहायक रथी थापाले नेपाली सेना नागरिकको सुरक्षा र सेवामा सदैव प्रतिबद्ध रहेको उल्लेख गर्दै यस्ता जनहितमुखी कार्यक्रमले नागरिक-सैनिक सम्बन्धलाई अझ सुदृढ बनाउने विश्वास व्यक्त गरे। नगरप्रमुख कारीराम यादवले नेपाली सेनाले सञ्चालन गर्दै आएका यस्ता सामाजिक तथा जनहितमुखी कार्यक्रमको प्रशंसा गर्दै आगामी दिनमा पनि निरन्तरता दिनुपर्ने धारणा व्यक्त गरे ।

कार्यक्रममा विपद् व्यवस्थापनसँग सम्बन्धित विभिन्न सामग्रीको प्रदर्शनी तथा हाईलाइन रेस्क्युको प्रत्यक्ष प्रदर्शनसमेत गरिएको थियो ।

# साढे ४ हजार मुद्दा फर्छौट



**टुडे समाचारदाता**

जनकपुरधाम । उच्च अदालत जनकपुरधामले चालू आर्थिक वर्ष २०८२/०८३ मा साढे चार हजारभन्दाब ढी मुद्दा फर्छौट गरेको छ।

उच्च अदालतले सार्वजनिक गरेको तथ्यांक अनुसार जिम्मेवारी सरि आएको २ हजार २६७ र नयाँ दर्ता भएको ४ हजार २१४ गरि कुल ६ हजार ४८१ मुद्दा मध्ये ४ हजार ५३७ मुद्दा फर्छौट भई १ हजार ९९९ मुद्दा फर्छौट हुन बाँकी रहेको छ।

कुल मुद्दा मध्ये ७० प्रतिशत उच्च अदालतले फर्छौट गरेको छ भने लक्ष्यको ९९.८० प्रतिशत फर्छौट भएको तथ्यांकमा दाबी गरिएको छ। चालु आर्थिक वर्षमा कुल मुद्दा मध्ये ४ हजार ५४६ मुद्दा फर्छौटको लक्ष्य राखिएको थियो । यी मध्ये १८ महिना बांकी रहेको मुद्दामा एउटा मात्र रहेको छ भने दुई वर्ष नाघेको मुद्दा शून्यमा झरेको छ।

# उपमेयरको गाडी एम्बेलन्समा ठोक्कियो, ८ घाइते

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको धनुषाधाम नगरपालिकाकी उपमेयर विद्या भुजेल सवार गाडी र एम्बुलेन्स एकआपसमा ठोक्किँदा ८ जना घाइते भएको छ।

शनिबार बिहान करिब साढे ६ बजेतिर पूर्व पश्चिम राजमार्ग अन्तर्गत मिथिला नगरपालिका-९ बडहरीमा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

प्रहरीका अनुसार बडहरीबाट विराटनगरतर्फ बिरामी लिएर आइरहेको ना २ च २३२ नम्बरको एम्बुलेन्स र ढल्केवरबाट बर्दिबासतर्फ गइरहेको उपमेयर चढेको प्रदेश २-०२-००१ झ ००८२ नम्बरको सरकारी गाडी एकआपसमा ठोक्किएर दुर्घटना भएको हो।



दुर्घटनामा एम्बुलेन्स चालकसहित एम्बुलेन्समा सवार ५ जना तथा उपमेयर भुजेल सवार सरकारी गाडीमा रहेका ३ जना घाइते भएको ईलाका प्रहरी कार्यालय ढल्केवरले जनाएको छ । घाइते सबैलाई उपचारका लागि जानकी मेडिकल कलेज, रमदैया पठाइएको ईप्रका ढल्केवरले जनाएको छ।

घाइते हुनेहरुमा एम्बुलेन्स चालक धनुषाको मिथिला नगरपालिका-१ का ४९ वर्षीय दीपेन्द्रकुमार महतो, महोत्तरी गौशाला नगरपालिका-५ का ४५ वर्षीय बसन्तकुमार सिंह, ४० वर्षीया रेणुकुमारी महतो, धनुषा मिथिला नगरपालिका-९ की ६० वर्षीया राजुदेवी र ६५ वर्षीय लक्ष्मी महतो र उपमेयरको गाडीमा सवार धनुषाधाम नगरपालिका-८ का चालक बद्री भुजेल, धनुषाधाम नगरपालिकाकी उपमेयर ६५ वर्षीया विद्या भुजेल र ७० वर्षीय भीमराज भुजेल घाइते भएका छन्।

प्रहरीका अनुसार हाल घाइते सबैको अवस्था सामान्य रहेको छ भने दुर्घटनाबारे थप अनुसन्धान जारी रहेको छ।

# पानीको चर्को शुल्क नअसुल्न चेतावनी




**टुडे समाचारदाता**

जनकपुरधाम । जिल्ला प्रशासन कार्यालय धनुषाले जिल्लाको विभिन्न क्षेत्रमा खडेरी र खानेपानीको समस्या देखिएपछिसरकारी अनुदानमा जडान गरिएका भूमिगत पानीका स्रोतबाट चर्को शुल्क असुल नगर्न सम्बन्धित पक्षलाई चेतावनी दिएको छ।

प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले एक सूचना जारी गरी यस्तो चेतावनी दिएका हुन। सूचनामा कमला नगरपालिका, सबैला नगरपालिका, शहीदनगर नगरपालिका लगायतका केही स्थानीय तहका वडा तथा बस्तीमा पानीका मुहान सुक्नुका साथै बोरिङबाट समेत पानी नआउँदा खानेपानीको समस्या उत्पन्न भएको उल्लेख गरिएको छ।

प्रशासनका अनुसार प्रभावित क्षेत्रमा तत्काल पिउने पानीको व्यवस्था मिलाउन सम्बन्धित वडा, स्थानीय तह तथा खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयसँग समन्वय गरी आवश्यक पहल भइरहेको छ।

विगतमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा विभिन्न दातृ निकायको अनुदानमा जडान गरिएका पम्पसेट, बोरिङ, डिप बोरिङ र इनारजस्ता सामुदायिक खानेपानी तथा सिँचाइका स्रोतबाट केही जग्गाधनीले अत्यधिक शुल्क लिएर मात्र पानी उपलब्ध गराउने गरेको गुनासो प्रशासनमा पुगेको जनाएको छ।

सरकारी अनुदानमा निर्माण भएका यस्ता संरचनाबाट समुदायले निर्धारण गरेको सर्वसुलभ दरमै पानी तथा सिँचाइ सुविधा उपलब्ध गराउन आग्रह समेत प्रशासनले गरेको छ। व्यक्तिगत लाभ वा नाफा कमाउने उद्देश्यले चर्को शुल्क असुलेको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही गरिने चेतावनी दिएको हो।

# दुई अभियुक्त पुर्पक्षका लागि कारागार चलान

**टुडे समाचारदाता**

लहान । सिरहाका प्रेमनाथ यादवको हत्या प्रकरण श्याम सुन्दरमाथि भएको गोली प्रहार घटनामा संलग्न दुई अभियुक्तलाई पुर्पक्षका लागि कारागार चलान गरिएको छ।

जिल्ला अदालत सिरहाले कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग तथा संगठित अपराधसम्बन्धी छुट्टाछुट्टै मुद्दामा पक्राउ परेका उपेन्द्र यादव र हरी ठाकुर बरहीलाई अदालतले थुनामा राखेर मुद्दाको पुर्पक्ष कारागार पठाउन आदेश दिएको हो।

जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी तथा प्रहरी नायव उपरीक्षक रमेशबहादुर पालका अनुसार प्रेमनाथ यादव हत्या प्रकरणका प्रतिवादी उपेन्द्र यादवलाई कर्तव्य ज्यान र संगठित अपराध मुद्दामा तथा श्याम सुन्दर ठाकुरमाथि भएको गोली प्रहार घटनाका प्रतिवादी हरी ठाकुर बरहीलाई ज्यान मार्ने उद्योग र संगठित अपराध मुद्दामा कारागार पठाइएको हो।




प्रहरीका अनुसार गत पुस १६ गते सिरहा नगरपालिका-७ स्थित मैनावती नदी किनारको बाँसघारीमा ४२ वर्षीय प्रेमनाथ यादवको गोली हानी हत्या गरिएको थियो । घटनाको अनुसन्धानका क्रममा उपेन्द्र यादवले योजनाबद्ध रूपमा भारतबाट सुटर बोलाएर हत्या गराएको तथ्य खुलेको प्रहरीले जनाएको छ । त्यसपछि उनलाई गत वैशाख २७ गते पक्राउ गरी जिल्ला सरकारी वकिल कार्यालयमार्फत अदालतमा पेश गरिएको थियो । अदालतले प्रारम्भिक प्रमाणका आधारमा पुर्पक्षका लागि कारागार चलान गर्ने आदेश दिएको हो।

यस्तै, गत माघ ४ गते औरही गाउँपालिका-५ स्थित जितिया मन्दिर परिसरमा श्याम सुन्दर ठाकुरमाथि गोली प्रहार भएको घटनामा पनि भारतीय सुटरको प्रयोग गरिएको प्रहरी अनुसन्धानबाट खुलेको छ।

उक्त घटनामा संलग्न रहेको आरोपमा पक्राउ परेका हरी ठाकुर बरहीले भारतबाट सुटर मगाएर ठाकुरमाथि गोली प्रहार गराएको प्रहरीको दाबी छ । बरहीलाई पनि गत वैशाख २७ गते सिरहा नगरपालिका-१ स्थित हनुमानचोकबाट पक्राउ गरिएको थियो। उनीविरुद्ध ज्यान मार्ने उद्योग र संगठित अपराध मुद्दा दर्ता गरिएको थियो।

जिल्ला अदालत सिरहाले दुवै घटनाका अभियुक्तलाई पुर्पक्षका लागि कारागार चलान गर्ने आदेश दिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

# जलवायु न्यायसम्बन्धी क्षमता अभिवृद्धि कार्यशाला

**टुडे समाचारदाता**

जनकपुरधाम । जलवायु परिवर्तनका बढ्दो चुनौतीलाई मध्यनजर गर्दै एकदिने जलवायु न्याय अभियान क्षमता अभिवृद्धि कार्यशाला सम्पन्न भएको छ।

कार्यशालामा मधेश प्रदेशका आठ जिल्लाका करिब ६० जना युवा, सामाजिक तथा जलवायु अभियन्ता, विद्यार्थी र महिला प्रतिनिधिहरूको सहभागिता रहेको थियो। कार्यक्रममा जलवायु न्याय, नीतिगत व्यवस्था, जलवायु परिवर्तनका चुनौती तथा समाधानका उपायबारे छलफल गरिएको थियो।

वन तथा वातावरण मन्त्रालय, मधेश प्रदेशका उपसचिव बेचन कुमार महतोले जलवायु संकटले विशेषगरी सीमान्तकृत समुदायलाई सामाजिक र आर्थिक रूपमा बढी असर गरिरहेको उल्लेख गर्दै स्थानीय तहमा प्रभावकारी कार्यान्वयन आवश्यक रहेको बताए । ओरेक नेपालकी संयोजक बिना सिंह, कायापल्टका कार्यक्रम अधिकृत प्रत्युष ठाकुर, कायापल्टका अध्यक्ष दिवाकर उप्रेती तथा नेपाल पत्रकार महासंघ धनुषाका पूर्वअध्यक्ष मनिका झाले पनि जलवायु न्याय, महिला स्वास्थ्य, युवा नेतृत्व र जनचेतनामा सञ्चारमाध्यमको भूमिकाबारे धारणा राखेका थिए।

कार्यक्रम संयोजक आभाष कर्णले युवामा जलवायु न्यायप्रति नेतृत्व विकास गर्नु, वातावरण संरक्षणमा सक्रिय सहभागिता बढाउनु तथा जनकपुरधामको फोहोर व्यवस्थापन र जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि आगामी दिनमा पनि अभियान जारी राख्ने प्रतिबद्धता व्यक्त गरे।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८